सोलुदुधकुण्ड नगरपालिका, कोशी प्रदेश
༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
स्थानीय राजपत्र

खण्ड : ६ | संख्या : ४ | मिति : २०८०।११।०१

# भाग- २

राजपत्रमा प्रकाशित मितिः २०८०।११।०१
कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१०।०७

## सामुदायिक शिक्षण संस्थाको लागि अनुदान सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**

सोलुदुधकुण्ड नगरपालिका भित्र रहेका उच्च शिक्षा प्रदान गर्ने सामुदायिक शिक्षण संस्थाहरु, सामुदायिक क्याम्पस, नगरपालिकाको समन्वयमा उच्च शिक्षा प्रदान गर्ने अन्य शिक्षण संस्था र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुको भौतिक तथा शैक्षिक पक्ष विकासका लागि नगरपालिकाबाट अनुदान प्रदान गर्न र अनुदान उपयोग सम्बन्धी कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी जारी गरीएको छ।

### परिच्छेदः एक

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम सामुदायिक शिक्षण संस्थाको लागि अनुदान सम्बन्धी कार्यविधि, २०८०

(२) यो कार्यविधि नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क)**“नगरपालिका”** भन्नाले सोलुदुधकुण्ड नगरपालिका सम्झनु पर्छ।

(ख)**“कार्यपालिका”** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ग) **“कार्यक्रम”** भन्नाले सोलुदुधकुण्ड नगरपालिकाको नगर सभाबाट पारित वार्षिक कार्यक्रम सम्झनु पर्छ।

(घ) **"अनुदान"** भन्नाले प्लस टु सहित उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पस, नगरपालिकाको समन्वयमा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुको भौतिक तथा शैक्षिक पक्ष विकासका लागि नगरपालिकाबाट स्वीकृत कार्यक्रम अनुसार उपलब्ध गराइएको एकमुष्ट अनुदान सम्झनु पर्छ।

(ङ) **"शिक्षण संस्था"** भन्नाले प्रचलित कानुन वमोजिम स्थापित प्लस टु सहित उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पस, नगरपालिकाको समन्वयमा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्था सम्झनु पर्छ।

## परिच्छेदः दुई

## अनुदान सम्बन्धी व्यवस्था

**३. बजेट तथा कार्यक्रममा समावेश गर्ने :-**

(१) प्लस टु सहित उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पस, नगरपालिकाको समन्वयमा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरुको भौतिक तथा शैक्षिक पक्ष विकासका लागि नगरपालिकाले वार्षिक कार्यक्रममा समावेश गर्नेछ।

(२) नगरपालिकाले स्वीकृत कार्यक्रम अनुसार वार्षिक रुपमा वा कार्य प्रतिवेदनको आधारमा अनुदान उपलब्ध गराउने छ।

**४. अनुदानका आधारहरु**

यस कार्यविधि बमोजिम अनुदानका आधारहरु यस प्रकार हुनेछन्।

(१) उच्च शिक्षा प्रदायक संस्था सामुदायिक हुनुपर्ने,

(२) विश्वविद्यालयबाट स्वीकृत विधान हुनुपर्ने,

(३) सामुदायिक क्यपाम्पस हो भनी विश्वविद्यायलयले दिएको प्रमाणपत्र,

(४) विद्यार्थी संख्या (न्युनतम ३००जना हुनुपर्ने ),

(५) पूर्णकालिन शिक्षक (न्युनतम ७ जना )

(६) नतिजा वार्षिक ३० प्रतिशत हुनुपर्ने,

(७) विधानमा क्याम्पस सभाको व्यवस्था हुनुपर्ने,

(८) क्याम्पस सभाले संचालक समिति गठन गरेको हुनुपर्ने,

(९) क्याम्पस सभामा नगरपालिकाभित्रको जनप्रतिनिधि र विश्वविद्यालय प्रतिनिधि रहनु पर्ने व्यावस्था हुनुपर्ने,

(१०)कुनै कारणबाट क्याम्पस बन्द भएमा त्यसको चल अचल सम्पती नेपाल सरकारको हुने व्यवस्था विधानमा हुनुपर्ने,

(११) नियमानुसार वार्षिक रुपमा लेखा परिक्षण गरी क्याम्पस सभा/संचालक समितिबाट अनुमोदन भएको हुनुपर्ने,

**५. अनुदान निकासा सम्बन्धमा :-**

(१) नगरसभाबाट स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहि नगरपालिकाले एकमुष्ठ अनुदान वा किस्ताबन्दीमा उपलब्ध गराउनेछ।

(२) स्वीकृत कार्यक्रमका आधारमा शिक्षण संस्थाहरुबाट कार्ययोजना सहितको आवेदन माग गरिनेछ।

(३) आवेदन पेश गरेका शैक्षिक संस्थाहरुको कार्ययोजना अध्ययन गरी कार्यपालिकामा पेश गर्न देहाय अनुसारको अनुदान सिफारिस समिति रहनेछ।



कपिता राई
प्रशासकीय अधिकृत

क) सामाजिक समिति प्रमुख- संयोजक

ख) शिक्षा हेर्ने अधिकृत- सदस्य

ग) योजना हेर्ने अधिकृत- सदस्य सचिव

(४) सिफारिस समितिले कार्ययोजना छनौट सम्बन्धी सूचकाङ्क तथा अंकभार र विधि तयार गरी मूल्याङ्कन गर्नेछ

(५) सिफारिस समितिले स्वीकृत बजेटबाट कार्ययोजना मूल्याङ्कनका आधारमा एक मात्र वा सो भन्दा बढीलाई अनुदानको सिफारिस गर्न सक्नेछ।

(६) समितिको सिफारिस अनुसारको अनुदान वितरण सम्बन्धी निर्णय कार्यपालिकाले गर्नेछ।

६. **एकमुष्ठ अनुदान रकमको परिचालन र प्रयोग:**

शिक्षण संस्थालाई प्राप्त हुने एकमुष्ट अनुदान रकमको परिचालन र प्रयोग दोहोरो सुविधामा खर्च गर्न नपाउने गरी संस्थाको भौतिक तथा शैक्षिक सुधार गुणस्तरका लागि पेश गरेको कार्ययोजनाका आवश्यक क्रियाकलापहरुमा गर्नु पर्नेछ। प्राप्त अनुदानको खर्च गर्दा पारदर्शिता कायम गर्नु र कानुन अनुसार खर्च गर्नु सम्बन्धित शिक्षण संस्थाको दायित्व हुनेछ।

## परिच्छेद: तिन

## जिम्मेवारी, अनुगमन, प्रतिवेदन सम्बन्धी व्यवस्था

७. **शिक्षण संस्थाको जिम्मेवारी:**

१. नगरपालिकाबाट अनुदान लिने शिक्षण संस्थाहरुले देहाय बमोजिमको जिम्मेवारी पूरा गर्नुपर्दछ।

(१) प्राप्त अनुदानको उपयोग तथा कार्य प्रगति नगरपालिकालाई वार्षिक रुपमा दिनु पर्नेछ।

(२) प्राप्त अनुदान कार्ययोजनामा उल्लेखित क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

(३) शिक्षण संस्थाले आर्थिक नियमानुसार लेखा दुरुस्त राख्ने र लेखा परीक्षण गराउनु पर्नेछ।

(४) नगरपालिकाले नगरबासीका लागि प्रदान गर्ने सेवा सुविधाका लागि आपसी सहमतिमा संस्थाले उपलब्ध गराउन सक्ने सेवा तथा सुविधा उपलब्ध गराउनु पर्नेछ।

(५) नगरपालिकाले समय समयमा अनुदानको उपयोग सम्बन्धमा गरिने अनुगमनका क्रममा जानकारी गराउनु संस्थाको दायित्व हुनेछ।

(६) मासिक शुल्कमा निशुल्क ५ जनालाई अनुदान प्राप्त उच्च शैक्षिक संस्थाले अनुदान पाएको प्रत्येक आर्थिक वर्षमा माध्यमिक तह (११ र १२) का विद्यार्थीलाई नगरपालिकाको सिफारिसमा छुट दिने।

(७) स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी शोधपत्र लेख्ने विद्यार्थीहरुले स्थानीय तहको संचालन र सुधार लगायतका विषयमा शोधपत्र लेखेमा अनुदान पाएको आर्थिक वर्षमा बढीमा २ जनालाई प्रतिव्यक्ति ५० हजारका दरले सहयोग गर्ने।

१. अनुदानको परिचालनमा यसको प्रभावकारीताको लागि देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ।

(१) नगर उपप्रमुख – संयोजक

(२) शिक्षा विकास समिति संयोजक – सदस्य

(३) आर्थिक विकास समिति संयोजक – सदस्य

(४) शिक्षा शाखा प्रमुख, सदस्य- सचिव



कोपिला राई
प्रशासकीय अधिकृत

२. अनुदान प्राप्त शिक्षण संस्थाले नगरपालिकाबाट प्राप्त गरेको अनुदानको वार्षिक प्रतिवेदन तयार गरी सोहि आर्थिक वर्षमा नगरपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेद: चार

## विविध

२. **बाधा, अड्काउ फुकाउ:** यस कार्यविधि बमोजिमको व्यवस्था कार्यान्वयनमा कुनै बाधा, अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

३. **कार्यविधिमा संशोधन सम्बन्धी व्यवस्था:** यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्न आवश्यक भएमा कार्यपालिकाले गर्नेछ।

आज्ञाले,
कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत